कोशी प्रदेश सरकार

# उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कोशी प्रदेश, विराटनगर

## निर्यातजन्य बाली वस्तुको निर्यात नमुना (Sample) परीक्षणमा सहयोग कार्यक्रमको सूचना प्रकाशन सम्बन्धमा ।

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२१**

यस मन्त्रालयको आ.व. २०८३/०८४ को वार्षिक कार्यक्रममा स्वीकृत रहेको निर्यातजन्य बाली वस्तुको निर्यात नमुना (Sample) परीक्षणमा सहयोग कार्यक्रमका लागि यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रम मार्फत नियमानुसार सम्बन्धित निकायमा दर्ता भएका कोशी प्रदेश भित्रका निर्यातजन्य बाली वस्तुको उत्पादन गरी निर्यात गर्न चाहने इच्छुक फर्म, उत्पादक, संस्था, समूह, सहकारी र कृषकहरूले आफ्नो उत्पादन विदेश निर्यातका लागि नमुना परीक्षण गर्न नमुना (Sample) विदेश पठाइएको नमुना परीक्षणको खर्चमा ५० प्रतिशत अनुदान लिन यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस मन्त्रालयमा सूचीकृत गर्नुहुन आह्वान गरिन्छ।

थप जानकारीका लागि मन्त्रालयका कृषि अर्थ विज्ञ शर्वरी भट्टराई (९८६२६५६६९९) र कृषि प्रसार अधिकृत अभिमन्यु अधिकारी (९८५२०३५०४९) लाई सम्पर्क गर्न सकिनेछ।

**<u>निवेदन साथ संलग्न कागजातहरू</u> :**

१. **व्यवसाय दर्ता भएको प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्र,**

२. **निर्यातजन्य बाली वस्तुको नाम,**

३. **निर्यातजन्य बाली उत्पादन परिमाण (मे.टन मा),**

४. **निर्यात गर्न लागेको मुलुक ।**